# असमानता र विभेदविरुद्ध बोल्दा लक्ष्मी परियारको हत्या

## प्रेस विज्ञप्ति

मितिः ३० मङ्सिर २०७३

मिति २०७३ मङ्सिर २० गते काभ्रेपलान्चोक सानो वाङथली ७ की वर्ष ३२ की लक्ष्मी परियारको स्थानीय सूर्योदय माध्यमिक विद्यालयका सामाजिक शिक्षा विषयका शिक्षक गोदामचौर निवासी हिरा लामा र निजकी आमा काइँलीमाया लामा लगायतको कुटपिट तथा मलमूत्र खुवाउने कार्यबाट मिति २०७३ मङसिर २४ गते मृत्यु भएको घटनाप्रति संयुक्त दलित संङघर्ष समिति र दलित नागरिक समाजको गम्भीर ध्यानाकर्षण भएको छ।

विद्यालय जस्तो शैक्षिक संस्थामा बालबालिका र आम समुदायको माझमा एक दलित महिलालाई डोरीले बाँधी कुटपिट गरी जातीय विभेद हुने खालका अपमानजनक शब्दप्रयोग गर्दै जबरजस्ति मलमूत्र खुवाउने कार्यको जत्तिनै निन्दा गरे पनि कमी नै हुन्छ। त्यस माथि जातीय भेदभाव तथा छुवाछूत र महिला हिंसा जस्तो गम्भीर प्रकृतिको फौजदारी अपराधमा प्रहरी प्रसासनकै मिलेमतोमा पीडितको विनासहमति“मिलापत्र” गराइनुले दलित तथा सिमान्तीकृत समुदायमाथि प्रहरी प्रशासनको दृष्टिकोणलाई उदाङ्गो पारिदिएको छ।

**घटना विवरणः**

- लक्ष्मी परियार गाउँस्तरीय विभिन्न उपभोक्ता समिति र समूहमा रहेर गाविस स्तरमा हुने बजेट बाँडफाँड र कार्यक्रमहरुमा दलित पक्षमा पैरवी गर्दै आएकी थिइन्। हरेक सार्वजनिक कार्यमा आफ्नो मात्रमनपरी गर्ने हिरा लामाविरुद्ध लक्ष्मी परियारले प्रश्न उठाउँदै आउँथिन्। यसअघि पनि हिरा लामाको मनपरी विरुद्ध प्रश्न उठाउँदा लक्ष्मी परियारलाई उनले लखेट्दै कुटपिट गर्ने प्रयास गरेका थिए।
- घटनाको सम्बन्धमा गरिएको स्थलगत अध्ययन, मृतक लक्ष्मी परियारका माइला छोरा र प्रत्यक्षदर्शीहरुको भनाइका आधारमा घटना भएको दिन मङ्सिर २० गते लक्ष्मी परियार ४ बजेतिर मेलाबाट फर्किंदै थिइन्। विद्यालय छुट्टी भएपछि मोटरसाइकलमा घर फर्किंदै गरेका लामाले परियारलाई जातीय विभेद हुने खालका गालीगलौज गरेकाथिए। त्यहीँ विषयमा केही बेर भनाभन भएको थियो। त्यसपछि लामाले घरमा गई आफ्नी आमा काइँलीमाया लामालाई समेत मोटरसाइकलमा राखी ल्याएका थिए।
- आमाछोराले परियारलाई हातखु ट्टा बाँधी छाति, टाउको र खुट्टामा लात्ति, चिर्पट र लठ्ठी प्रयोग गरी “तँ डुम”लगायतका जातीय अपमान हुने शब्दहरु प्रयोग गर्दै निर्घात कुटपिट गर्नुका साथै काइँलीमायाले चाउचाउको खोलमा मानव मल ल्याई मुखमा कोचि दिने प्रयास गरेकी थिइन्। लक्ष्मी परियारले त्यसको प्रतिकार गरेपछि उनीहरुले जबरजस्ती मुखमा दिसा दलिदिएका थिए। उनीहरुलाई दिसाखुवाउने र बाँध्ने कार्यमा विद्यालय नजिकै चिया पसल चलाउँदै आएकी निर मायातामाङ्ले प्रत्यक्ष सहयोग गरेकी थिइन्।
- मङ्सिर २१ गते बुधबारउल्टै लामा परिवारले झुठा आरोप लगाउँदै लक्ष्मी परियार विरुद्ध निरमायातामाङको भैंसी काटिदिएको भन्दै प्रहरी चौकीचौवासमाउजुरी गरेकाथिए। यता काठमाडौंमासिलाइकामगर्दै आएकालक्ष्मीकाश्रीमान घटना बारे थाहापाइसकेपछिबुधबारै घर पुगेकाथिए। तर, बुधबार प्रहरी नआइसकेपछि श्रीमती कुटिएकोबारे छलफल गर्न उनी२३ गतेससुरालीगए।
- मिलनससुराली गएपछि प्रहरी चौकीचौबासकाइन्चार्ज प्रेमपुकार चौधरीको नेतृत्वको टोलीपुग्यो। तर, प्रहरीले लक्ष्मीमाथिभएको कुटपीट र अमानवीयव्यवहारबारे आफ्नो विषयक्षेत्रनभएको भन्दै भैंसी काटेवापत १ हजार रुपैयाँ र २०७२ बैशाख १ गते स्थानीय एक महिलासँगभएको झगडामा लक्ष्मीले ५ हजार रुपैयाँतीर्नुपर्ने भन्दै ६ हजार रुपैयाँ पीडक पक्षलाई तिर्नुपर्ने भन्दै कागज गराइएको थियो।
- मिलापत्रपछि लक्ष्मी छोरी नाता पर्ने आफन्तको विवाहमागई मादकपदार्थ सेवनगरी फर्किएकीथिइन्। यतामिलनकरिब १२ बजेतिर ससुरालीपुगेकाथिए र जेठानलाई घटनाबारे बताएकाथिए। मिलन ससुरालीभएकै समयमा जेठान राजकुमार परियारले आफ्नीबहिनीलक्ष्मीलाई फोन गर्दा उनीफोनमै रुँदैगहिरो चोट लागेको र सरिरभरी निलडाम भएको बताएकीथिइन्।
- ४ बजे ससुरालीबाट घरजानफर्केकामिलनकरिब १० बजेतिर घर फर्किएर आमाको घरमा बसेकाथिए। मिलन घर नपुग्दै ९ बजे राजकुमारले लक्ष्मीलाई पुनःफोन गरी शान्त्वनादिएकाथिए।
- लक्ष्मीकी देउरानी सरिता परियारले दिएको बयानकाआधारमा२४ गते विहानमिलनसानो छोरालाई बिस्कुट किन्नभन्दै पसलतिर लागेकाथिएभने लक्ष्मीमाइतीजानेभन्दै लागेकीथिइन्। तर घरदेखि करिब ३०० मिटरभन्दा पर रहेको गोठभन्दा उतालक्ष्मीनगएको देखेपछि लक्ष्मीकी देउरानी र सासूले छोरा सुमनलाई “आमाकतागइ?”भन्दै अलिपरसम्म हेर्न जानअह्राएकाथिए।
- करिब ७ बजेतिर सुमनले गोठको सुरनेरै ममी ढलेको भन्दै खबर गरेकाथिए। गोठको ढोकाभित्र टाउको र बाहिर शरिर रहेको अवस्थामालास फेला परेको थियो। त्यसपछिउनीहरुले प्रहरीलाई खबर गरेकाथिए।त्यत्तिबेलासम्मलक्ष्मीको मृत्यु भएपनिशरिमातातै रहेको देउरानीले बताइन्।
- जिल्लाप्रहरी कार्यालय काभ्रेले मिति २०७३ मङ्सिर २६ मा गरेकापत्रकार सम्मेलनमाकुटपिट गरी मलमुत्रखुवाएको होइनलक्ष्मीको झुण्डिएर आत्महत्याभएको भन्ने खबर आएकोले उनकाश्रीमानमिलन परियारलाई समेत पक्राउगरिएको भन्ने आशयको जानकारी गराएकाथिए। जबकिप्रहरीले २४ गते तयार गरेको लासको मुचुल्कामाझुण्डिएर आत्महत्या गरेको विषयमाकेहीउल्लेख गरिएको छैन।

- प्रहरीले हिरा लामा, काइँलीमायालामाङ, निरमायातामाङ र मिलनपरियारलाईअदालत पेश गरी थुनामा राख्ने म्याददिएर अनुसन्धान अघि बढाएको छ ।

**निष्कर्ष:**

- लक्ष्मी परियार हत्या घटनामा बाहिरी रुपमाकुटपिट तथामलमूत्रखुवाउने कार्य गरेको देखिएपनिघटनाको जरियाको रुपमादलित समुदायमाथिहुने जातीय भेदभावतथा छुवाछूत र सार्वजनिकजीवनमाउनीहरुको अस्तित्वलाई अस्वीकार गर्ने प्रवृत्तिले काम गरेको छ ।
- लक्ष्मी परियारको मृत्यु स्थानीय सूर्योदयमाध्यमिकविद्यालयका सामाजिकशिक्षाविषयकाशिक्षकलाहुरेबजार निवासी हिरा लामा र निजकीआमाकाइँलीमायालामालगायतको कुटपिटको असर स्वरुपचारदिनपछि मृत्यु भएको देखिन्छ ।
- लामा परिवारले झुठा आरोप लगाउँदै लक्ष्मी परियार विरुद्ध निरमायातामाङको भैंसी काटिदिएको भन्दै प्रहरी चौकीचौवासमागरेको उजुरीलाई प्रहरीले सत्यतथ्यनबुझिलामा परिवारको प्रभावमा परीउल्टो पीडकलाई नै जरिवानातिराउने कार्य गरी राज्यपक्षबाट गम्भीर मानवअधिकार उल्लङ्घन भएको छ ।
- विगतको अनुभवकाआधारमाविशेषगरी जातीय भेदभावतथा छुवाछूत र दलित समुदायसँग सम्बन्धित सवालमा राज्यपक्षत्यसमापनिप्रहरीले उनुसन्धानतथापीडितलाई न्यायदिने कुरामादेखाएको नैराश्यतार पूर्वाग्रहकाकारण यस घटनामा पनि पीडितले न्यायपाउनकालागिनागरिक समाज र सञ्चार क्षेत्रले दबाब र खबरदारी गर्नु आवश्यक छ ।

**मागहरु:**

१. लक्ष्मी परियारकाहत्यारालाईतत्कालकारबाहीगरीपीडित परिवारलाई तत्काल राहततथाक्षतिपूर्तिको व्यवस्थागरियोस् ।
२. लक्ष्मी परियारमाथिभएको कुटपीट र मलमुत्रअुवाउने जस्तो अमानवीयव्यवहारलाई आफ्नो विषयक्षेत्र नभएको भन्दै झुठामुद्दामा ६ हजार रुपैयाँ पीडक पक्षलाई तिर्नुपर्ने भन्दै कागज गराउने प्रहरी अधिकारीलाई तत्कालकारवाहीगरियोस् ।
३. राजनीतिकतथाआर्थिक प्रलोभन र प्रभावमा परी वापारी घटनामा निर्दोशलाई समेत फसाउने अवस्था देखिएको हुँदा हिरासतमा रहेकाआरोपितहरुलाईनिस्पक्ष सुनुवाइको व्यवस्थागरियोस् ।
४. सानोवाङथलीण्कादलित घरपरिवार त्रासमा बस्न बाध्यभएकाले तत्कालउनीहरुको जीउधनको सुरक्षाको सुनिश्चिततागरियोस् ।
५. अभिभावकविहीनहुनपुगेका मृतकलक्ष्मी परियारकातीन सन्तानको लालनपालन र शिक्षादिक्षको व्यवस्था सरकारबाट तत्कालगरियोस् ।

सरकारलाई उल्लेखितमाग पुरा गराउनदबाबदिने उद्देश्यले संयुक्तदलित संङघर्ष समिति र दलितनागरिक समाज देहायबमोजिमकाआन्दोलनकाकार्यक्रमहरु घोषणा गरेको छ । सरकारले यीमागहरुलाई तत्काल सम्बोधननगरेमाथपकडा आन्दोलनकाकार्यक्रमहरु घोषणा गर्न संयुक्तदलित संङघर्ष समिति र दलितनागरिक समाजबाध्यहुनेछ :

**आन्दोलनकाकार्यक्रमहरु:**

१. २०७३ मङ्सिर ३० गते बिहान १२ बजे रिपोर्टर्स क्लब भृकुटिमण्डपमा पत्रकार सम्मेलनतथासंयुक्तदलित संङघर्ष समिति र दलितनागरिक समाजकाप्रतिनिधिहरुसहितको उच्चस्तरीय स्थलगतअध्ययन ।
२. २०७३ पुस १ गते माइतीघर मण्डलादेखिनयाँबानेश्वरसम्मविशाल र्‍यालीतथाविरोध सभा ।
३. २०७३ पुस २गतेप्रधानमन्त्री, गृहमन्त्री र प्रहरी प्रमुखलाई संयुक्त रुपमाध्यानाकर्षण तथा ज्ञापनपत्र बुझाउने ।

**संयुक्तदलित संङघर्ष समितिकातर्फबाट**

उपेन्द्र छटुञ्जेल, का.वाअध्यक्ष, नेपाल राष्ट्रिय दलित केन्द्र
सम्भुहजारा पासवान, नेपालदलित संघ
सुन्दर पुर्कुटी, नेपाल उत्पिडीत जातीयमुक्ति समाज
तिलक परियार, नेपालदलितमुक्तिमोर्चा
टेकबहादुर विक, दलितमुक्तिमोर्चा, नेपाल
रामलालविश्वकर्मा, दलितमुक्तिमोर्चा, नेपाल
गौरा नेपाली, जातीय समता समाज
टिकारामदियाली, विभेदमुक्तिप्रगतिशिल समाज
बेलम राम, नेपाल सद्भावनादलितमञ्च

**दलितनागरिक समाजकातर्फबाट**

मोलीलाल नेपाली, संयोजक